वि. सं २०७६ सालको ऐन नं.: ६

मेचीनगर नगरपालिका, झापा

प्रदेश नं. १, नेपाल

स्थानीय राजपत्र

खण्ड : २ सङ्ख्या : ६ मितिः २०७७।०२।२२

भाग – १

मेचीनगर नगरपालिका

मेचीनगर नगरपालिकाको अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने ऐन, २०७६

नगरसभाबाट स्वीकृत मिति : २०७६।११।२३
प्रमाणीकरण मिति : २०७६।१२।०५

प्रस्तावना : मेचीनगर नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय पूर्वाधार विकासका आयोजनाहरु सञ्चालनबाट विस्थापित तथा विभिन्न खालका विपद्का कारण उत्पन्न अव्यवस्थित वसोवासको व्यवस्थापन गरी नगरपालिका क्षेत्रको सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारलगायत समग्र पक्षमा विकास गन, स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ११(५) को खण्ड (क) को (३) मा स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने कानुनी व्यवस्थासमेतको आधारमा नगरपालिका क्षेत्रको विद्यमान र सम्भाव्य अव्यवस्थित बसोबासको समस्या नगरपालिकाबाट एकमुष्ट राहत तथा अन्य माध्यमबाट व्यवस्थापन गर्न वान्छनीय

भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) को अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेचीनगर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " मेचीनगर नगरपालिकाको अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन मेचीनगर नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले मेचीनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "अव्यवस्थित वसोवास" भन्नाले नगरपालिका क्षेत्रभित्र प्राकृतिक विपद्बाट विस्थापित भई वा नगरपालिकावाट निर्माण वा परिचालन हुने वा राष्ट्रिय, अन्तर्राष्ट्रिय विकासका आयोजनाहरु समयमै सहजरुपमा सम्पन्न गर्न अवरोध हुने गरी नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी वा पर्ति वा नेपाल सरकारका नाममा रहेका वा जुनसुकै सार्वजनिक जग्गामा वसोवास गरिएको वा निजी स्वामित्वको जग्गामा निर्माण भएका संरचनाहरुमा रहेको बसोबास वा बसोबासीलाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेचीनगर नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिमको अव्यवस्थित वसोवास व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(छ) "कोष" भन्नाले दफा ८ बमोजिमको अव्यवस्थित वसोवास व्यवस्थापन गर्न राहत उपलब्ध गराउने वा भौतिक पूर्वाधार निर्माण गर्ने कोष सम्झनु पर्दछ ।

(ज) "संघीय ऐन" भन्नाले नेपाल सरकारले जारी गरेका ऐन सम्झनु पर्दछ ।

(झ) अधिकृत भन्नाले नगर कार्यपालिकाको वाहलवाला अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्नेछ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा निर्देशिका वा नगर कार्यपालिकाको बैठक वा दफा ३ अनुसारको समितिको निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) "सचिव" भन्नाले ऐनको दफा ३(२) अनुसारको काम गर्न तोकिएको अधिकृत सम्झनुपर्छ ।

(ठ) "कार्यालय" भन्नाले मेचीनगर नगर कार्यपालिकाको कार्यालय झापा सम्झनुपर्छ ।

परिच्छेद - २
अव्यवस्थित वसोवास व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **अव्यवस्थित वसोवास व्यवस्थापन समिति गठन** : (१) मेचीनगर नगरपालिका भित्रको अव्यवस्थित वसोवासलाई व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्य गर्न बैठकको निर्णयको कानुनी जवाफदेहिता र जुनसुकै दायित्व समितिमा रहने गरी देहाय बमोजिमको अव्यवस्थित वसोवास व्यवस्थापन समिति रहने छ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सहसंयोजक

(ग) नगर कार्यपालिकाको विषयगत समितिका संयोजकहरु सदस्य

(२) नगरपालिका क्षेत्र भित्र पर्ने प्रदेश सभाका सदस्यहरु पदेन आमन्त्रित सदस्य हुनेछन्।

(३) नगर कार्यपालिकाले समितिको सचिवको कार्य गर्न कार्यालयको अधिकृत तोक्नेछ ।

(४) समितिको निर्णय कार्यान्वयन गर्नु मेचीनगर नगर कार्यपालिकाको कार्यालय तथा सम्बद्ध वडा कार्यालयहरु, पदाधिकारीहरु र कर्मचारीहरुको समेत कर्तव्य हुनेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) अव्यवस्थित वसोवास व्यवस्थापन समितिको संयोजकले सचिव मार्फत् बैठक बोलाउनेछ । सामान्यतया उक्त बैठक नगर कार्यपालिकाको कार्यालयमा बस्नेछ ।

(२) समितिका सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा सामान्यतया चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी सूचना पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(५) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिले अव्यवस्थित वसोवास व्यवस्थापन गर्दा प्रभावित हुने व्यक्तिहरुको पहिचान गर्न कम्तीमा सात दिनको सार्वजनिक सूचना जारी गरी निवेदन आह्वान गरी प्रभावित व्यक्ति अर्थात् लाभग्राही छनौट गर्नुपर्नेछ ।

(८) समितिका सदस्यहरुको बैठक भत्ता नगर कार्यपालिकाको बैठकभत्ता सरह हुनेछ ।

(९) समितिको बैठक आवश्यकताअनुसार बस्न सक्नेछ ।

(१०) समितिको निर्णय संयोजकबाट प्रमाणित हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार** : (१)अव्यवस्थित वसोवास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नगरभित्र रहेको अव्यवस्थित वसोवासको तथ्याङ्क संकलन गरी अभिलेख राख्ने ।

(ख) संघीय र प्रदेश सरकारले अव्यवस्थित वसोवासलाई व्यवस्थापन गर्न गठन गरेका आयोग वा समिति वा निकायले अव्यवस्थित वसोवासको लगत माग गरेमा लगत उपलब्ध गराउने ।

(ग) अव्यवस्थित वसोवास भएको क्षेत्रमा सञ्चालन हुने आयोजनाका कारणवाट विस्थापित हुने अव्यवस्थित वसोवास गरिरहेका व्यक्तिहरुले जग्गाको स्वामित्व नभएको कारणवाट जग्गाको मुआव्जा पाउन नसक्ने भएमा पूनर्व्यवस्थापनका लागि राहत उपलब्ध गराउने ।

(घ) अव्यवस्थित वसोवास भएको स्थानमा अव्यवस्थित वसोवासीहरुका लागि जीवनोत्थान र विकासका पूर्वाधारहरुको पहिचान गर्ने ।

(ङ) नदी किनार, वगर, पहिरो जान सक्ने भिरालो जमिन र डुवान हुने क्षेत्र वा विपद जोखिमको संभावना भएका असुरक्षित क्षेत्रमा वसोवास गर्ने व्यक्ति तथा समुदायलाई आवश्यकता अनुसार सुरक्षित स्थानमा व्यवस्थापनका लागि प्रबर्द्धनात्मक र संरक्षणात्मक कार्य गर्ने ।

(च) मेचीनगर नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरका विकास आयोजनाहरु सञ्चालन गर्न जग्गाको स्वामित्व नभएका अव्यवस्थित वसोवास भएका घर संरचनाहरु आयोजनाका कारणले विस्थापित हुने भएमा विस्थापित हुने घर संरचनाको पूर्नव्यवस्थापनका लागि यो ऐन लागू भएपछि एकपटकको लागि राहत उपलब्ध गराउने र सोको सार्वजनिकीकरण गर्ने गराउने ।

(छ) अव्यवस्थित वसोवासमा रहेका घर परिवार वाढी पहिरो जस्ता दैवी प्रकृतिका कारणले विस्थापित भई पुन सो जग्गा पुनर्वासयोग्य नभए राहत स्वरुप सहयोग उपलब्ध गराउने ।

(२) अव्यवस्थित वसोवासलाई व्यवस्थापन गर्ने आवश्यक सम्पूर्ण कार्य गर्ने र उक्त अव्यवस्थित वसोवास व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी यसै समितिको जिम्मेवारी अन्तर्गत रहनेछ ।

६. **मुल्याङ्कन उपसमितीको गठन** : (१) अव्यवस्थित वसोवास भएका घर परिवारहरु विस्थापित हुने भएमा विस्थापित हुने व्यक्तिको पहिचान तथा त्यसको मुल्याङ्कन गर्न अव्यवस्थित वसोवास व्यवस्थापन समितिले निम्न अनुसारको मुल्याङ्कन उप समिति गठन गर्नेछ ।

१. संयोजक : संयोजक, पूर्वाधार विकास समिति

२. सदस्य : सम्वन्धित वडाको वडाध्यक्ष

३. सचिव : प्रमुख, पूर्वाधार विकास शाखा

(२) उपदफा १ अनुसारको उपसमितिले स्थलगतरुपमा पुगी सम्बन्धित वडाका बहालवाला जनप्रतिनिधि तथा नागरिक समाजका स्थानीयहरु र सरोकारवाला समेतको उपस्थितिमा विस्थापित हुने घर परिवारको विस्थापित हुनुपर्ने कारण सहितको मुचुल्का खडा गर्नु पर्नेछ ।

(३) उपदफा २ को कार्य सम्पन्न भए पश्चात् विस्थापित हुने घर परिवारको साविकमा भोगचलन गरी आएको ऐलानी, पर्ति वा सार्वजनिक जग्गाको भोगचलनको दूरुस्तता सहित संरचनाको विवरण तयार गरी क्षतिको मुल्याङ्कन समेत पेश गर्नुपर्नेछ ।

७. **राहत रकम निर्धारण :** दफा ६ वमोजिम मुल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन समेतका आधारमा अव्यवस्थित वसोवास व्यवस्थापन समितिले उपलब्ध गराउनु पर्ने राहत रकम निर्धारण गर्नेछ । यस्तो राहत रकम दामासाहीले वा अलगअलग गरी दिने सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार दफा ३ अनुसारको समितिमा निहित रहनेछ ।

८. **विशेष निर्णय गर्ने अधिकार :** पुनर्व्यवस्थापनका लागि राहत रकम निर्धारण गर्दा आवश्यक र उपयूक्तताको आधारमा दफा ३ अनुसारको समितिले औचित्य र आवश्यकताको आधारमा जुनसुकै निर्णय गर्न सक्नेछ ।

९. **एकपटक मात्र राहत दिनुपर्ने :** यो ऐन कार्यान्वयन भएपछि अव्यवस्थित वसोवास व्यवस्थापनका लागि नगरपालिकाबाट एक पटक पुर्नस्थापनाका लागि राहत प्राप्त गरेको व्यक्ति वा निजको परिवारले पुनः राहत दावी गर्न पाउने छैन । यस्तो राहत नगरपालिकाको कोषबाट एकपटक मात्र दिनुपर्नेछ ।

परिच्छेद - ३
सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

१०. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय :** (१) अव्यवस्थित वसोवासको व्यवस्थापन गर्न नगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकार मातहत परिचालित संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूको सहयोगको लागि जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा गर्नु पर्नेछ ।

(२) अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्न नगरपालिकाको निर्णय अनुसार नगरपालिका आवश्यक सामाग्री सुरक्षा निकायले माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्मका सामग्री तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(३) अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्न नगरपालिकाले आफूसँग रहेको नगर प्रहरीलाई समेत सक्रियरुपमा परिचालन गर्नुपर्नेछ ।

परिच्छेद - ४
अव्यवस्थित वसोवास व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

११. **अव्यवस्थित वसोवास व्यवस्थापन कोष :** (१) अव्यवस्थित वसोवास व्यवस्थापनको लागि नगरपालिकामा छुट्टै एक कोष रहनेछ ।

(२) कोषको सञ्चालन समितिको सचिव र आर्थिक प्रशासन शाखा प्रमुखले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट सरकारी, अर्धसरकारी वा लि. बैंकका नगरपालिका स्थित शाखामध्येबाट सञ्चालन हुनेछ ।

(३) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) मेचीनगर नगरपालिकाको वार्षिक बजेटबाट अव्यवस्थित वसोवास व्यवस्थापनको लागि विनियोजित रकम,

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट अव्यवस्थित वसोवास व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) स्वदेशी कुनै संघ, संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(४) दफा ३ अनुसारको समितिले यस कोषमा रकम निकासा गर्न निर्णय सहित निर्देशन दिएपछि कार्यालयले उपदफा (३) को खण्ड (क) अनुसारको रकम यस कोषमा निकासा दिनुपर्नेछ ।

(५) अव्यवस्थित वसोवासलाई व्यवस्थापन गर्न नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ ।

(६) कोषको सञ्चालन र खर्च तथा निकासा समितिको निर्णय बमोजिम हुनेछ ।

(७) कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(८) कोषको लेखापरीक्षण नगर कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(९) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्नेछ ।

परिच्छेद - ५
कसुर तथा सजाय

१२. **कसुर र सजाय** : (१) कसैले अव्यवस्थित वसोवास व्यवस्थापन गर्दा सर्वसाधारणलाई भडकाउने, हुल हुज्जत गरी उक्सावट गरी वाधा अवरोध सिर्जना गरेमा वा आफुलाई नाजायज फाईदा लिने काम गरेमा प्रचलित संघीय कानून बमोजिम कसुरजन्य कार्य मानिनेछ ।

(२) यस्तो कसूर गरेको सम्बन्धमा सम्बन्धित नगरपालिकाले गरेको अनुरोधको आधारमा सम्बन्धित क्षेत्रको स्थानीय प्रशासनले आवश्यक कार्यवाही गर्नुपर्नेछ ।

परिच्छेद - ६
विविध

१३. **निर्देशन दिन सक्ने** : समितिले यस ऐनको अधीनमा रही अव्यवस्थित वसोवास व्यवस्थापनका लागि सरोकारवाला कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

१४. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) यो ऐनको कार्यान्वयनको लागि समितिले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

१४. **वार्षिक प्रतिवेदन** : (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ । यस्तो प्रतिवेदन नगर प्रमुखबाट आगामी नगर सभामा पेश गर्न कार्यालयलाई निर्देशन दिनुपर्नेछ ।

१५. **प्रशासनिक खर्च व्यवस्थापन** : समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित प्रशासनिक खर्च नगर कार्यपालिकाको कार्यालय चालु खर्चको तोकिएको शीर्षकबाटै व्यवस्थापन गर्नुपर्नेछ ।

१६. **अधिकार प्रत्यायोजन** : यो ऐन तथा यो ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका वा निर्णय बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **ऐन संशोधन वा खारेजी** : यो ऐनको आवश्यकतानुसार मेचीनगर नगरपालिकाको नगरसभाले संशोधन वा पूरै खारेजी समेत गर्न सक्नेछ ।

१८. **नियम बनाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको लागि आवश्यक परेको बखन मेचीनगर नगर कार्यपालिकाले आवश्यक नियम वा कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) अनुसारको नियम वा कार्यविधि वा निर्देशिका नबनेको कारण यस ऐनको व्यवस्थाअनुसार अव्यवस्थित बसोबास व्यवस्थापन गर्न प्रभावित लाभग्राहीलाई राहत उपलब्ध गराउन वा बसोबासको बैकल्पिक व्यवस्था गर्नका लागि दफा ३ अनुसारको समितिले जुनसुकै निर्णय गर्न बाधा पर्ने छैन ।

आज्ञाले,

महेन्द्रकुमार खाम्याहाङ्ग

प्रमुख प्रशासकीय अधिकृत